प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा

## सम्पर्क कार्यालय, इलाम

कोशी प्रदेश, इलाम

सूचना नं. ०१/२०८०/०८१

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०४
प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८०/०७/०३

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापा, सम्पर्क कार्यालय इलामको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार इलाम जिल्लामा देहाय बमोजिमको कार्यक्रमहरु कार्यान्वयनको लागि **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८** बमोजिमका शर्तहरु पालना गरी देहाय बमोजिमको कार्यक्रम कार्यान्वियन गर्नका लागि इलाम जिल्ला अन्तर्गतका इच्छुक कृषक समुह, सहकारी संस्था, व्यवसायिक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।यस बिषयमा थप जानकारीको लागि कार्यालयको फोन नं. ०२३-५२११६१ मा सम्पर्क गर्नहुन वा उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेशको वेभसाइट www.moa.p1.gov.np वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको वेभसाइट www.dolfd.p1.gov.np बाट **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ तथा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८** डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

बिशेष अनुरोध र जानकारीः

१.अनुदान संग सम्बन्धित तोकिएको ढाँचा अनुसारको फर्मेटहरु सम्बन्धित स्थानिय तह पशु सेवा शाखा तथा विज्ञ केन्द्रमा उपलब्ध गराईनेछ।

२.सम्पर्क व्याक्तिहरुः डा. राघवेन्द्र तिवारी (पशु चिकित्सक ९८४३९७४५६०) इलाम
रोहित महत ( पशु सेवा प्राविधिक ९८६७९९३५७९) झापा

आवेदन दस्तुरः

व्यक्तिगत को हकमा रु. १००; संस्थागत रु. २०० तथा ५० लाख भन्दा बढी कुल लागत भएको प्रस्तावकको हकमा रु. ५००।-
आवेदन दर्ता गर्ने स्थानः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा वा सम्पर्क कार्यालय, इलाम ।

कार्यक्रम (जिल्ला इलाम)

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रति ईकाई अधिकतम उपलब्ध हुने अनुदान रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|
| १. | दूध उत्पादनका आधारमा अनुदान | पटक | १ | प्रतिलिटर रु. २ प्रोत्साहन अनुदान | • दूध कारोबार गर्ने सहकारी संस्था, दूध संकलन केन्द्र वा डेरी उद्योगहरुले दैनिक कम्तीमा ५०० लिटर दूध संकलन गरेको हुनुपर्ने<br>• वार्षिक कम्तिमा २०० दिन दुध संकलन गरेको हुनुपर्ने । |
| २. | मोटर सहितको च्याफकटर वितरण | संख्या | ५ | कुल लागतको ७५% वा बढीमा रु. तीस हजार मात्र | • माउ बाख्रा- १०-वटा भन्दा बढी, गाई/भैंसी- ५ माउ भन्दा बढी र मासुको लागि पाडा पालनमा १० वटा भन्दा बढी हुनुपर्नेछ। |
| ३. | मागमा आधारित कार्यक्रम | संख्या | ५ | कुल लागतको ७५% वा बढीमा रु. एक लाख पचास हजार मात्र | • पशुपन्छी तथा मत्स्यपालक कृषक/कृषक समूह/कृषि सहकारी/ कृषि फर्म/ कृषि उद्यमी<br>• पूर्वाधार निर्माण र मेशिनरी औजार खरिदमा अनुदान । |
| ४. | निजी पाराभेट/पशु चिकित्सकलाई कृत्रिम गर्भाधान र पशु उपचारको लागि उपकरण खरिदमा सहयोग | संख्या | ४ | कुल लागतको ७५% वा बढीमा रु एक लाख चालिस हजार मात्र | • ग्रामीण क्षेत्रमा कम्तीमा २ बर्ष देखि अविछिन्न सेवा गरिरहेको हुनुपर्ने । |

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा

## सम्पर्क कार्यालय, इलाम

कोशी प्रदेश, इलाम

प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरु

| | |
|---|---|
| १ | रु. १० को हुलाक टिकट टाँस गरिएको तोकिए बमोजिमको ढाँचामा आवेदन पत्र र कार्ययोजना। |
| २ | राजश्व तिरेको रसिद । |
| ३ | आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि । |
| ४ | आधिकारिक निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि । |
| ५ | प्यान/भ्याट दर्ताको प्रमाणपत्रको प्रतिलिपि । |
| ६ | अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि । |
| ७ | कार्यक्रम कार्यन्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि (धनी पुर्जा र मालपोत तिरेको रसिद) लिजमा लिएको भए जग्गाको हकमा कम्तिमा १० बर्ष अवधिको करारनामा वा सम्झौता पत्रको प्रतिलिपि |
| ८ | सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस पत्र । |
| ९ | विगत ३ वर्षमा अनुदान नलिएको स्वघोषणा पत्र |
| १० | स्थानिय तहमा किसान सूचीकरण गरेको भएमा सोको प्रमाणपत्र। त्यस्ता प्रस्तावकलाई प्राथमिकता दिइनेछ। |
| ११ | कार्यविधिमा उल्लेख भए अनुसारका थप कागजातहरु र आवश्यकता भए अन्य थप कागजातहरु माग्न सकिनेछ । |
| १२ | समुह। समिति। सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि । |
| १३ | एकाघरको परिवारको नाममा जग्गा भए मन्जुरिनामा । |
| १४ | लागत साझेदारी गर्ने रकमको श्रोत। बैंक स्टेटमेन्ट। वित्तिय संस्थाको प्रतिबद्धता पत्र |

२०८०।०८।०४
शितल भट्टराई
वरिष्ठ मत्स्य विकास अधिकृ